दाप्चा काशिखण्ड नगरपालिका कार्यालय
DAPCHA KASHIKHANDA MUNICIPALITY OFFICE
भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
(Bhakundebeshi, Kavrepalanchok)
011-404068
011-404031

च.नं.(Ref. No.)
प.सं. (L. No.)

मिति(Date): मिति ०७३।०३।२६

## दाप्चा काशीखण्ड नगरपालिका कार्यालयको

## एकीकृत सम्पत्तिकरका लागि विवरण पेश गर्नेबारे सम्पत्ति धनीहरूलाई अत्यन्त जरुरी सूचना :

दाप्चा काशीखण्ड नगरपालिका कार्यालयले हालसम्म मालपोत कर असूल गरी आएकोमा स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली बमोजिम आ.व. २०७३/०७४ देखि एकीकृत सम्पत्तिकर लागू गरिने भएकाले दाप्चा काशीखण्ड नगरपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गाधनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी नगरपालिका कार्यालयमा लगत कायम गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम निशुल्क रुपमा प्राप्त गर्नुभई सो फाराममा सत्य तथ्य विवरण भरी २०७३।०४।३० गते भित्र दाप्चा काशीखण्ड नगरपालिका कार्यालयमा / वडा कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ । यस्तो विवरण जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । नगरपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति (घर र संरचना) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

एकीकृत सम्पत्तिकरको विवरण दाखिला गर्नका लागि नेपाली नागरिकता र जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि सहित आ.व. २०७२/०७३ सम्मको मालपोत, घरजग्गा कर वा घुरी कर चुक्ता गरेको रसिद पेश गर्नु पर्ने छ । एकीकृत सम्पतिकर तिरेपछि सो घर / जग्गामा मालपोत, भूमिकर र घरजग्गाकर नलाग्ने व्यहोरासमेत जानकारी गराईन्छ ।

विस्तृत जानकारीको लागि
दाप्चा काशीखण्ड नगरपालिका कार्यालय
भकुन्डेवेशी काभ्रेपलान्चोक
सम्पर्क फोन नं.०११४०४०३१

डम्बरु दाहाल
कार्यकारी अधिकृत